# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं, भदौ ७ गते २०६८ साल (अतिरिक्ताङ्क २०(क)


## भाग ४

### राष्ट्रपतिको कार्यालयको सूचना

सम्माननीय राष्ट्रपति डा. रामवरण यादव समक्ष सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालले सम्वत् २०६८ साल श्रावण २९ गतेका दिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (७) को खण्ड (क) बमोजिम प्रधानमन्त्रीको पदबाट लिखित राजीनामा दिनु भएको कारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम सम्वत् २०६८ साल भाद्र ४ गते आइतवारका दिन दिनको १७:०० बजेसम्ममा प्रधानमन्त्रीको चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्नका लागि सम्माननीय राष्ट्रपतिले संविधानसभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूलाई आव्हान गर्नु भएकोमा राजनैतिक सहमति कायम गरी प्रधानमन्त्रीको चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गर्नका लागि संविधानसभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूले थप समय माग गरे अनुरुप सम्वत् २०६८ साल भाद्र ७ गते बुधवारका दिन दिनको १७:०० बजेसम्म सो प्रयोजनका लागि समय थप गर्नु भएकोमा सो थप समयावधिसम्ममा पनि राजनैतिक सहमतिका आधारमा प्रधानमन्त्रीको चयन र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ को उपधारा (२) बमोजिमको प्रक्रिया प्रारम्भ गर्न व्यवस्थापिका-संसदको हैसियतमा काम गर्ने संविधानसभालाई सन्देश पठाउनु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
वामनप्रसाद न्यौपाने
सचिव

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.द.नं. १६।०६२।६३

६ ९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।